“शिक्षा सडक सिचाई विकासका पूर्वाधार ,स्वास्थ्य ,
पारदर्शी, जवाफदेही, जनउत्तरदायी स्थानीय सरकार ”

# बुढीगंगा नगरपालिका

## छैटौ नगर सभा

## आर्थिक बर्ष २०७९/०८० को बजेट वक्तव्य

**प्रस्तुतकर्ता**

**माया खड्का कुवर**
**नगर उप प्रमुख**
बुढीगंगा नगरपालिका
कुल्देवमाण्डौ,बाजुरा

CamScanner

आदरणीय नगर प्रमुख ज्यू, नगरकार्यपालिकाका सदस्यज्यूहरु,नगरसभाका सदस्यहरु, कर्मचारी वर्गहरु, संचारकर्मी मित्रहरु

- बुढीगंगा नगरपालिकाको नगर उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित सभामा आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।
- यस अवसरमा म सर्वप्रथम राष्ट्रिय स्वाधिनता स्वतन्त्रता लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि बलिदान दिने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । मुलुकको अग्रगामी परिवर्तनका लागि भएका सबै प्रकारका आन्दोलनमा नेतृत्वदायी भूमिका खेल्ने सबै राजनीतिक अग्रजप्रति सम्मान व्यक्त गर्न चाहान्छु । साथै सबै घाईते बेपत्ता योद्धा एवं पीडित परिवार र नागरिकप्रति बुढीगंगा नगर सरकारको तर्फबाट हार्द्धिक सम्मान व्यक्त गर्न चाहान्छु।
- नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रम चालु आवधिक योजना दिगो विकास लक्ष्य,संघिय प्रादेशिक तथा स्थानिय ऐन कानून र कार्यविधिहरुबाट निर्देशित हुदै यसै सम्मानित नगरसभाबाट स्विकृत नगरसभाको नीति तथा कार्यक्रमालाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेकोछु । यसै गरि राजनैतिक दलका स्थानिय नेतृत्वका सुझाव विगतको अनुभव नागरिक समाज निजि क्षेत्र सहकारी क्षेत्र स्थानिय सामुदायिक संघ संस्था बुद्धिजिवि संचारकर्मि लगायतका क्षेत्रहरुबाट प्राप्त राय परामर्श सुझाव लगायतका अन्य विभिन्न क्षेत्रका प्राप्त रचनात्मक सुझावहरुलाई समेत समेट्दै आगामी आ व २०७९/०८० को बजेट तर्जुमा गरिएको छ ।
- **"शिक्षा, स्वास्थ्य, सडक र सिचाँई विकासका पूर्वाधारः पारदर्शि जवाफदेही जनउत्तरदायि स्थानिय सरकार"** सहितको दुर दृष्टिर नगरबासीलाई सर्वसुलभ भरपर्दो गुणस्तरीय नगरसेवा तथा सुविधा उपलब्ध गराई नगरबासीहरुको जीवनस्तरमा क्रमिक सुधार ल्याउने गरी तय गरिएको गन्तव्यलाई मुर्तरुप दिन नगर सरकार दृढकल्पित रहेको छ ।
- बजेट तर्जुमा गर्दा मैले संघ र प्रदेश सरकारसंग समन्वय र साझेदारी गर्दै उपलब्ध स्रोत र साधनको महत्व उपभोग गर्नुपर्ने मान्यतालाई जोड दिएको छु । नेपालको संविधानमा उल्लेखित स्थानीय तहको अधिकारसुचि सार्वजनिक सेवा प्रवाहमा नगर सरकारको भूमिका



CamScanner

र संचालित विकास आयोजनाहरुको कार्यान्वयनको अवस्थालाई ध्यानम राख्दै चालु आर्थिक वर्षका कार्यक्रमलाई आवश्यकता अनुरुप परिमार्जन संशोधन र निरन्तरता दिदै अब्वल गतिशिल र लगानी मैत्री नगरपालिकाको पहिचान स्थापित हुने गरी बजेट विनियोजन गरेकीछु ।

- वित्तीय संघीयता अनुरुप विभिन्न तह  निकायहरुबाट प्राप्त हुने अनुदान र राजश्वलाई प्राथमिकरण गरी बजेटका प्राथमिकता र उद्देश्य हासिल हुने कार्यक्रमहरुमा लगानी केन्द्रित गरेकीछु । यो लगानीबाट उत्पादन तथा उत्पादकत्व वृद्धी गरिबी न्यूनिकरण र रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि गर्दै समग्र नगरको विकास र समृद्धिका प्रमुख लक्ष्य हासिल हुने अपेक्षा गरिएको छ ।
- यस बजेटमा नगरसरकारको क्षेत्राधिकार भित्रका कर तथा गैरकर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ । निर्धारित समयमै विकास आयोजनाको नतिजामुलक कार्यान्वयन गर्नको लागि बुढीगंगाको निमार्णाधिन प्रशासनिक भवन, सभाहल चमेना गृह, वडा कार्यालयका भवनहरु  आदि जस्ता क्रमागत योजनाहरुलाई यथा शिघ्र छिटो सम्पन्न  गर्ने गरी प्राथमिकताका साथ बजेटको व्यवस्था गरेकीछु ।
- अनुत्पादक तथा अनावश्यक खर्च घटाउने पुँजिगत बजेटको अशं बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेकीछु । यसैगरी मध्यकालीन खर्च संरचना निर्माण गरी योजनाको प्राथमिकरण सहित स्रोतकोसुनिश्चितता गरि बजेटलाई बढी वस्तुपरक र कार्यान्वयन योग्य बनाईएको छु ।

**सभाका आदरणीय अध्यक्षज्यू**

यस  आ व २०७९/८० को बजेटमा  देहायका  उद्देश्य प्राप्तिमा केन्द्रित रहनेछ । **"सुमृद्ध नगरः खुसी नगरवासी"** भन्ने हाम्रो लक्ष्य हासिल गर्नका लागि बलियो आधार तय गर्नु यस बजेटको मूल उद्देश्य रहनेछ भने अन्य उद्देश्यहरु देहाय अनुसार रहेका छन् ।

- शिक्षा क्षेत्रमा लगानीको मात्रा बढाई नगरको शिक्षाको गुणस्तरमा फड्को मार्ने
- कृषि व्यवसायहरुलाई सुदढिकरण गर्दै कृषिको उत्पादकत्व बढाउने
- नगरको आर्थिक भौतिक तथा सामाजिक पूर्वाधारको विकास गरी समृद्ध नगरः खुसी नगरवासी को लक्ष्यलाई प्राप्त गर्ने



CamScanner

- स्थानीय उपलब्ध स्रोत साधन अवसर र क्षमताको अधिकतम उपयोग गरी नगरको समग्र विकास गर्ने
- नगरपालिकाको समग्र सेवा प्रवाहको गुणस्तरमा सुधार ल्याउने

**यस बजेटका प्राथमिकताहरु देहाय अनुसार रहेका छन ।**

- नगरको शिक्षा प्रणालीमा परिणात्मक र गुणात्मक सुधार ल्याउने
- क्रमागत रुपमा संचालनमा रहेका आयोजनाहरुको निर्माण कार्य पुरा गर्ने
- कृषि पशुपालन पर्यटन उद्योग व्यापार व्यवसाय फस्टाउन सक्ने गरी लगानीको वातावरण सिर्जना गर्ने त्यसका लागि लगानी सम्मेलन समेत आयोजना गर्ने
- नगरको मुहार फेर्ने आयोजनाहरु संचालनमा ल्याउने
- समावेशी विकास दीगो विकास सहस्राव्दी विकास लक्ष्य हरियाली प्रवर्धन वातावरण संरक्षण लगायत विकासका समसामयिक मुद्धाहरुलाई निरन्तर सम्बोधन गर्ने
- नगर सरकारले बजेटका उद्देश्यहरु हासिल गर्न र प्राथमिकता कार्यान्वयन गर्न संघिय सरकार र प्रदेश सरकारसंग समन्वय , सहकार्य , सह-अस्तित्व र साझेदारी गर्नेछ । नगरमा उपलब्ध पुँजी सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राखिने छ ।

**आदरणीय अध्यक्षज्यू,**

अब गगत आ.व. २०७७/०७८ र चालु आ व २०७८ /७९ को हालसम्मको यथार्थ आय व्यय तर्फको विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- गत आर्थिक बर्ष २०७७/७८ मा कुल **६३करोड ३४ लाख ४१हजार**बजेट स्वीकृत गरेकीमा २०७८ असार मसान्त सम्म पुजीगत तर्फ **१४ करोड १७ लाख ८१ हजार** र चालु तर्फ **३३ करोड ३८ लाख ३० हजार**खर्च गरिएकोमा करिब ७५ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ।
- चालु आर्थिक बर्ष २०७८/७९ मा कुल **६० करोड ३५ लाख ९६ हजार** बजेट स्वीकृत गरेकीमा २०७८ असार मसान्त सम्म पुजीगत तर्फ **१४ करोड २ लाख ७० हजार** र



CamScanner

चालु तर्फ **२७ करोड ९२ लाख ८३ हजार खर्च** गरिएकोमा करिब ६९ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ।

- सामाजिक सुरक्षा तर्फ प्राप्त **१० करोड २ लाख १९ हजार** मध्य **९ करोड २ लाख १९ हजार**खर्च भएको छ ।
- नगरपालिकाका स्वीकृत योजना तथा कार्यक्रम मध्य भौतिक प्रगति भएको बिबिध कारणले भुक्तानी बाकि रहेका योजना तथा कार्यक्रमको रकम **रु. ५ करोड ४७ लाख ७४ हजार** यस आर्थिक बर्षमा भुक्तानीको व्यवस्था मिलाइएको छ ।

**सभा अध्यक्ष महोदय,**

अब म आर्थिक बर्ष २०७९/८० का लागि संचालन गरिने कार्यक्रमका लागि बिनियोजन र खर्च गरिने स्रोतहरुको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- यस आर्थिक बर्षका लागि अनुमान गरिएको आय तर्फ संघीय समानीकरण अनुदान बाट **१३ करोड २२ लाख**, संघीय सशर्त अनुदान बाट **२३ करोड २४ लाख २० हजार**, संघीय समपुरक अनुदान तर्फ **२ करोड ४० लाख**, संघीय बिशेष अनुदान तर्फ **१ करोड ८० लाख**, प्रदेश समानीकरण अनुदान तर्फ **९५ लाख ९४ हजार**, प्रदेश बिशेष अनुदान तर्फ २५ लाख, प्रदेश समपुरक अनुदान तर्फ **२० लाख**, राजस्व बाडफाड संघीय सरकारबाट प्राप्त **८ करोड ४२ लाख १५ हजार**, राजस्व बाडफाड प्रदेश बाट प्राप्त ५७ लाख ४९ हजार, आन्तरिक स्रोत बाट **४८ लाख ५७ हजार** गरि जम्मा **५१ करोड ६ लाख ७८ हजार** अनुमान गरेकी छु ।
- आर्थिक बर्ष २०७९/८० को राजश्व आम्दानी **रू. ४८ लाख ५७ हजार** हुने अनुमान गरिएको छ ।

**सभा अध्यक्ष महोदय,**

अब म नगर कार्यपालिका र वडा कार्यलायमा चालु तथा पुजिगत तर्फ बिनियोजन गरिएको बजेटलाई प्रस्तुत गर्न गईरहेकी छु ।

- नगर कार्यपालिका र वडा कार्यालयहरुको चालु खर्च तर्फ रू. **११ करोड ३८ लाख ७ हजार** रकम बिनियोजन गरेकी छु ।

- यस नगरपालिकाको पुजीगत खर्च तर्फ जम्मा रकम रु **.२६ करोड १० लाख ६५ हजार** बिनियोजन गरेकी छु । यसै अन्तर्गत वडाका लागी पुजिगत अर्थात बिकास खर्च तर्फ न्युनितम सिलिङ्ग ३० लाख रहने गरि कम्तिमा **३३ लाख ३७ हजार** र धैरैमा **३७ लाख ९ हजार** गरि जम्मा रकम **रु. ३ करोड ५०** लाख रकम बिनियोजन गरेकि छु ।
- सेवा, संचारलाई चुस्त र दुरुस्त बनाउन नगरपालिका अन्तर्गतका कर्मचारीहरुको मनोबल वृद्धि गर्न **प्रत्येक महिना रु. ५००** का दरले संचार का लागि आवस्यक रकम बिनियोजन गरेकी छु ।

**शिक्षा**

- बुढीगंगा नगरपालिकाका साविकका तीनवटा गाउ विकास समितिमा रहेका उच्चतम तीनवटा विद्यालय (पशुपति मा.वि., भानोदय नमुना मा.वि., श्री त्रिशक्ति मा.वि. तथा थुमा मा.वि.) मा शिशु कक्षादेखि १ कक्षा सम्म अंग्रेजी माध्ययमबाट पठनपाठन गर्न आवस्यक बजेट बिनियोजन गरेकीछु ।
- विद्यालयबाहिररहेकाविद्यार्थीहरुलाईसमेतविद्यालयमाझिकाउने,सिकाउने टिकाउने,विकाउनेजस्ताक्रियाकलापसंचालनगरिनेछन्
- प्रत्येक बिद्यालयमा अनिवार्य ई हाजिरीको व्यवस्था गर्न आवस्यक रकम बिनियोजन गरेकीछु ।
- यस बर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक बिकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु । यस बर्ष शिक्षा क्षेत्रलाई बिशेष महत्व दिदै शिक्षा क्षेत्रमा **१ करोड ४३लाख ६७**हजार विनियोजन गरकि छु ।

**स्वास्थ्यसेवा**

- विकासको साध्य र साधन दुबै नागरिक नै भएकोले सबै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सवल मानव पूँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई बिशेष प्राथमिकता दिई बजेट बिनियोजन गरेकी छु ।
- प्रसुती केन्द्र संचालन नभएका स्वास्थ्य सस्थाहरु ]धुरालसैन मुसी र जुवापानी
- मा प्रसुती केन्द्र स्थापना गर्न बजेट बिनियोजन गरेकी छु ।

- बुढीगंगा नगरपालिका को साबिक का स्वास्थ्य चौकी बाजुरा स्वास्थ्य चौकी ब्रम्तोला स्वास्थ्य चौकी र देबल्सैन स्वास्थ्य चौकी मा विधुतीय हाजिरी कोब्यबस्था गर्न बजेट बिनियोजन गरेकी छु
- यस आ.ब.मा स्वास्थ्य क्षेत्रमा चालु तथा पूँजिगत गरि **१ करोड ४२ लाख ३५हजार** रकम बिनियोजन गरेकी छु ।

**कृषि विकास**

- नेपाल एक कृषि प्रधान देश भएको र यस नगरपालिकाका अधिकांश जनता पनि कृषिमा निर्भर भएको हुदा कृषिलाई आधुनुकिकरण, यान्त्रीकरण तथा व्यवसायिकरण बनाउने उद्धेश्यले गतवर्षबाट लागु गरिएको कृषक पेन्सन योजनालाई यस बर्षमा पनि आवश्यक बजेट बिनियोजन गरी कार्यत्र:मलाइ निरन्तरता दिएकी छु ।
- व्यवसायिक रुपमा कृषिमा संलग्न कृषकलाई उत्कृष्ठ नगर प्रमुख कृषक पुरस्कारवाट सम्मान गर्न आवस्यक रकम बिनियोजन गरेकी छु ।
- सवै वडामा एक एक वटा नमुना कृषि फार्म स्थापना गरि उक्त फार्मवाट अन्य कृषकलाई वीउ विजन, वेर्ना सुपथ मुल्यमा उपलव्ध गराउनुका साथै उन्नत प्रविधि सिक्ने सिकाई केन्द्रको रुपमा विकास गर्न आवस्यक रकम विनियोजन गरेकी छु ।
- रसायानिक मललाई निरुत्साहित गरि प्राङ्गारिक मललाई प्रोत्साहन गर्ने नीति लिईएको छ । यस बर्ष करषि क्षेत्रमा **१ करोड** बजेट बिनियोजन गरेकी छु ।

**पशु सेवा**

- भौगालिक विकटताको कारणले पशु सेवा शाखा र पशुपन्छी उपचार तथा कृषक परामर्श सेवा केन्द्र बाट प्रवाह गरीने उपचार तथा परामर्श सेवा लिन बाट असहज र अपायक भएका दुर्गम तथा टाढाका बस्तीहरुमा पनि सेवा प्रवाहमा समानता ल्याउने उद्‌देश्यले कृषकहरुको सहजताका लागी दुर्गम तथा टाढाका बस्तीहरुलाई लक्षित गरि चौमासिक रुपमा निशुल्क पशुपन्छी उपचार तथा परामर्श सेवाका लागी घुम्ती शिविर सञ्चालन गर्न आवस्यक बजेट बिनियोजन गरेकी छु ।



CamScanner

- पशु सेवा शाखा बाट प्रवाह गरीने उपचार तथा प्रयोगशाला परिक्षण सेवा सहज र थप प्रभावकारी बनाउन आवस्यक ल्याव सम्बन्धी औजार तथा अन्य उपचार सम्बन्धी व्यवस्था गर्न आवस्यक बजेट बिनियोजन गरेकी छु ।
- आ.ब. २०७७/७८ मा पशु क्षेत्रमा **३५ लाख** बजेट बिनियोजन गरेकी छु ।

**सडक तथा भौतिक पूर्वाधार**

- .पुर्वाधार क्षेत्रमा यसै बर्ष नगरपालिकाको सुबिधा सम्पन्न आधुनिक भवन निर्माणका लागी **रु. २ करोड** रकम बिनियोजन गरेकी छु । त्यसै गरि प्रत्येक वडाको वडा कार्यालय क्रमागत भवन निर्माण गर्न रकम **रू. ३ करोड** रकम बिनियोजन गरेकी छु ।
- वडा नं २ र ९ को वडा कार्यालय नयाँ भवन निर्माणका लागि **रु. २ करोड** बिनियोजन गरेकी छु ।
- नियमित आम्दानीको स्रोत बढाउनका लागि २०० जना अट्ने क्षमताको वुढीगंगा सभाहल तथा चमेनागृह निर्माण कार्यका लागि आवस्यक बजेट को व्यवस्था गरेकीछु ।
- वाहै महिना सरर, गाडी चढ्ने नगरवासीको रहर भन्ने प्रतिवद्धताका साथ नगरपालिकाको सम्पूर्ण वडामा नजिकको राजर्मागबाट सडकको स्तर उन्नती गरी सडक निर्माण गर्न बिशेष प्राथमिकता दिई आवस्यक बजेट बिनियोजन गरेकी छु ।
- बिकासको मेरुदण्डको रुपमा लिईने सडकलाई बिस्तार र स्तरोन्नति गर्न र सडक कालो पत्रे, फराकीलो र ग्रावेल बनाउने कार्यलाई तिब्रताकासाथ अगाडि बढाईनेछ। बाम्का फालासैन देखि टाटे स्वास्थ्य चौकी, बेतालमाडौँ देवलसैन स्वास्थ्य चौकी ,ताप्रिसेरा साबिक ब्रह्मतोला गा.वि.स सम्म सडक कालो पत्रे तथा स्तरोन्तीका लागी **रु ५ करोड ३७ लाख**गरी जम्मा **रु. ५ करोड ९७ लाख** रकम विनियोजन गरेकी छु ।

**महिला विकास**

- लैगिंक तथा घरेलु हिंसाको न्युनिकरणका लागि लैगिंक हिंसा विरुद्धका अभियानहरु सञ्चालन गर्न रकम विनियोजन गरेकी छु ।
- महिलाहरुलाई राज्यका हरेक तह र क्षेत्रमा सहभागिता सुनिश्चित गर्न महिला लक्षित जिविकोपार्जन व्यावसायिक तालिम , सिपमुलक तालिम संचालन लगायत



CamScanner

बिकास निर्माणका कार्यकालागि उप प्रमुख लक्षित कार्यक्रम अन्तर्गत **रु.६० लाख**रकम बिनियोजन गरेकी छु ।

- हाम्रो नगरपालिकामा महिला विकासलाइ टेवा पुर्याउने हिसावले यस महिला विकास कार्यक्रममा **रु. १५ लाख** रकम विनियोजन गरेकीछु ।
-

**रोजगार**

- यस नगरपालिकामा नगरप्रमुख लक्षितरोजगार कार्यक्रम संचालन गरी थप रोजगारीका अवसरहरु सृजना गर्न**रु. २ करोड** रकम बिनियोजन गरेकी छु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने योजनाहरु लाई प्रभावकारी रुपमा संचालन गर्न नगरपालिकाको साझेदारी , निर्माण सामग्री तथा योजना व्यवस्थापनका लागि **रु २० लाख** बिनियोजन गरेकी छु ।
- युवाहरुलाई सरकारी सेवामा प्रवेशको अवसर सिर्जनाकालागी लोक सेवा आयोग कक्षा संचालन गर्न आवस्यक रकम बिनियोजन गरेकी छु ।

**सभा अध्यक्ष महोदय,**

अब मा आर्थिक बर्ष २०७९/८० मा नगरपालिकामा गैरसरकारी संस्थाबाट संचालन हुने कार्यक्रमहरुका लागि संस्थाको प्रस्तावित कार्यक्रम र बजेट प्रस्तुत गर्न चाहन्छु।

- -सहास नेपाल बाट संचालित हुने कार्यक्रमका लागि **४० लाख २८ हजार**
- -आइ.डी.एस. नेपाल द्वारा संचालित सामुदायिक बिद्यालयहरुमा बिद्यालय,स्वास्थ्य तथा पोषण कार्यक्रमका लागि **७ लाख १५ हजार**
- -महिला बिकास मंच द्वारा संचालित कार्यक्रमका लागि **३ लाख ५० हजार**
- -मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपालबाट **२५ लाख २८ हजार**
- -बुढीगंगा नगरपालिका र यु.एन.एफ.पी.ए. द्वारा साझेदारी संस्था आइ.पास.नेपाल अन्तर्गतका अन्य साझेदार संस्था बीच लैंगिक हिंशा रोकथाम तथा प्रतिकार्य परियोजना संचालनका लागि **४७ लाख**
- -गिफ्ट बाजुरा बाट संचालित हुने कार्यक्रमका लागि **१३ लाख ५० हजार**



CamScanner

- -बहु क्षत्रिय पोषण बाट संचालित हुने कार्यक्रमका लागि **९ लाख ५० हजार**
- -सामुदायिक विकास मंच बाट संचालित हुने कार्यक्रमका लागि **२१ लाख ४५ हजार**
- -पिसविन-जी.एन.आइ.बाट संचालित हुने कार्यक्रमका लागि **४१ लाख २५ हजार**
- -पिसविन-भी.एस.ओ. र यु.एन.एफ.पी.ए..बाट संचालित हुने कार्यक्रमका लागि **१५ लाख ८४ हजार**
- -जी.एन.आइ.बाट संचालित हुने कार्यक्रमका लागि **४९ लाख ४५ हजार**
- -पिसविन-आइ.पास बाट संचालित हुने कार्यक्रमका लागि **१० लाख**

अन्त्यमा,आर्थिक वर्ष०७९/८० को यो बजेट तथा कार्यक्रमले अवस्य पनि समग्र नगरवासीको भावनाको प्रतिनिधित्व गर्दै यस नगरपालिकालाई शिक्षा ,स्वास्थ्य , कृषी , पर्यटन, पूर्वाधारहरुको बिकास गरि बुढीगंगा को समृद्ध को आधार तयार गर्ने कुरामा विश्वस्त छु ।प्रस्तुत बजेट कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनुहुने नगर प्रमुख ज्यू ,योजना तर्जुमाको प्रारम्भिक चरण देखि बजेट प्रस्तुत गर्दा सम्मका हरेक क्षणमा प्रत्यक्ष वा परोक्ष रुपमा संग्लग्न रही सहयोग पुर्याउनु हुने नगर कार्यपालिकाका तथा नगर सभाका सम्पूर्ण सदस्यज्युहरु, सरकारी तथा गैर सरकारी संघ सस्थाका प्रतिनिधिज्युहरु, संचारकर्मी मित्रहरु साथै उपस्थित सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी यो बजेट तथा कार्यक्रम तयार गर्न प्रारम्भिक चरण देखि अन्त्य सम्म अहोरात्र खट्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । यस नगरले बजेट मार्फत लिएको लक्ष तथा उद्देस्य हासिल गर्न स्वीकृत कार्यक्रम तथा बजेट समयमै कार्यान्वयन गरि प्रतिफल प्राप्तिका लागि यहाँहरु सहित सम्पूर्ण नगरवासीहरुको सक्रिय सहभागिता र सहयोग रहने छ भन्ने पूर्ण विश्वास राख्दै मेरो प्रस्तुतिलाइ यहि अन्त्य गर्दछु ।

**धन्यवाद ।**

**माया खड्का कुँवर**
**नगर उप- प्रमुख**
**बुढीगंगा नगरपालिका कुलदेवमाडौं , बाजुरा**